# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पौवादुङमा गाउँपालिका
## भोजपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पौवादुङमा गाउँपालिका

भोजपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पौवादुङमा गाउँपालिका

भोजपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

जेष्ठ, २०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १३०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय,

भोजपुर ।

१. **कैफियत सहितको राय** – हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २२ लाख १० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु७ लाख ७६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १ लाख ५४ हजार, नियमित गर्नुपर्ने रू.१ करोड १० लाख २९ हजार र पेश्की बाँकी शून्य समेत रू.२ करोड १४ लाख ३४ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रू.३ करोड ६४ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू. ५ करोड २२ लाख ३३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. यस पालिकाको विशेष व्यहोरा वित्तीय विवरणसँग प्रत्यक्ष सम्बन्ध छ भने समावेस गर्ने र नभएमा २.३ हटाइ तलको निम्नानुसार व्यहोरा कायम नै गर्ने

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# पौवादुङमा गाउँपालिका,
# भोजपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५१ | ३९ | २२२१० | ० | ५ | ७७६ | ५१ | ३४ | २१४३४ | २५१ | ११०२९ | १०१५४ | ० | ० | २११८३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ३६४६८ | ० | ५६६९ | ३०७९९ | ० | २१४३४ | ५२२३३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ३८ | असुल गरी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्योंट | ३०३२५ |
| २ | | ४८ | जिन्सी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्योंट | ५०००० |
| ३ | | ५९.३ | जिन्सी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्योंट | ५५५०० |
| ४ | | ६२ | असुल गरी दाखिला भएको प्रमाण पेश भै बेरुजु फस्योंट | ३४५०० |
| ५ | | ७४.५ | नापी किताव पेश भएको प्रमाण पेश भै बेरुजु फस्योंट | ६०५८०९ |
| | **चालु वर्षको जम्मा** | | | **७७६,१३४।००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | |
| १ | | ३७ | बढी भुक्तानी असुल गरी दाखिला प्रमाण पेश भै बेरुजु फस्योंट | ३५६९४ |
| २ | | ३८ | एज विल्ट ड्रईङ्ग को प्रमाण पेश भै बेरुजु फस्योंट | १००००० |
| ३ | | ४१ | बढी भुक्तानी असुल गरी दाखिला प्रमाण पेश भै बेरुजु फस्योंट | ४८०१।३३ |
| ४ | | ४३ | भरपाई प्रमाण पेश भै बेरुजु फस्योंट | ३४०० |
| ५ | | ५७ | नर्म्स भन्दा बढी भुक्तानी असुल गरी दाखिला प्रमाण पेश भै बेरुजु फस्योंट | २०४०० |
| ६ | | ५८ | नर्म्स भन्दा बढी भुक्तानी असुल गरी दाखिला प्रमाण पेश भै बेरुजु फस्योंट | ५९५० |
| ७ | | ६४ | विल भरपाई प्रमाण पेश भै बेरुजु फस्योंट | ५५००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | | ६५ | कर्मचारी अनुगमन खर्च प्रमाण पेश भै बेरुजु फस्यौंट | ४४००० |
| ९ | | ४६ | कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश भै बेरुजु फस्यौंट | ५४००००० |
| | **जम्मा** | | | **५६,६९,२४५।३३** |
| | २०७७।७८ | | | - |
| | २०७६।७७ | | | - |
| | **गत विगतको जम्मा** | | | **५६,६९,२४५।३३** |
| | **कुल जम्मा** | | | ६४,४५,३७९।३३ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) पौवादुङमा गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न पौवादुङ्मा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ११८.८७ वर्ग किलोमिटर तथा १२१७० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।७ देखि २०८०।६।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक

कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ रू.९४,२६,४०,८८८।३६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रू. | | | गतवर्ष रू. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४७,७०,६९,०९४.७३ | ३९,५४,६८,७९६.९१ | ३९,५४,६८,७९६.९१ | ३८,३५,५३,४८५.५२ | ३८,३५,५३,४८५.५२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४४,८६,०९,०२०.५८ | ३८,८०,७३,४२१.७६ | ३८,८०,७३,४२१.७६ | ३७,२९,७५,७४०.५२ | ३७,२९,७५,७४०.५२ |
| ११००० कर | ११ | ७,९३,०१,०१०.०० | ६,३९,५२,३९३.०२ | ६,३९,५२,३९३.०२ | ६,१६,३०,८५८.९३ | ६,१६,३०,८५८.९३ |
| १३००० अनुदान | | ३३,९९,५१,६७०.०० | ३२,१६,५०,८२२.३९ | ३२,१६,५०,८२२.३९ | ३०,९३,४१,९६७.०० | ३०,९३,४१,९६७.०० |
| संघीय सरकार | १२ | ३१,९१,४४,६७०.०० | ३०,१७,५७,६४६.३९ | ३०,१७,५७,६४६.३९ | २८,९५,६८,९२२.०० | २८,९५,६८,९२२.०० |
| प्रदेश सरकार | १२ | २,०८,०७,०००.०० | १,९८,९३,१७६.०० | १,९८,९३,१७६.०० | १,९७,७३,०४५.०० | १,९७,७३,०४५.०० |
| १४००० अन्य राजस्व | | १९,५७,२४७.२७ | २१,३९,८५६.३५ | २१,३९,८५६.३५ | १५,३९,४९४.५९ | १५,३९,४९४.५९ |
| १५००० विविध प्राप्ति | | २,००,०००.०० | ३,३०,३५०.०० | ३,३०,३५०.०० | ४,६३,४२०.०० | ४,६३,४२०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | २,७१,९९,०९३.३१ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,८४,६०,०७४.१५ | ७३,९५,३७५.१५ | ७३,९५,३७५.१५ | १,०५,७७,७४५.०० | १,०५,७७,७४५.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,८४,६०,०७४.१५ | ५५,६२,२३९.१५ | ५५,६२,२३९.१५ | ७३,०९,२८४.०० | ७३,०९,२८४.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १८,३३,१३६.०० | १८,३३,१३६.०० | ३२,६८,४६१.०० | ३२,६८,४६१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४७,७०,६९,०९४.७३ | ४०,४२,३७,३५०.४५ | ४०,४२,३७,३५०.४५ | ३८,४३,४४,९१९.१२ | ३८,४३,४४,९१९.१२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४४,८६,०९,०२०.५८ | ३८,६१,६८,७२६.३५ | ३८,६१,६८,७२६.३५ | ३६,४६,०८,४७२.०० | ३६,४६,०८,४७२.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,३०,९८,०१०.०० | १५,३२,४०,९२९.८१ | १५,३२,४०,९२९.८१ | १३,७९,८२,९८२.०० | १३,७९,८२,९८२.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,६९,४२,२४७.२७ | ७,९७,५६,६८०.९५ | ७,९७,५६,६८०.९५ | ७,१४,९४,०३५.०० | ७,१४,९४,०३५.०० |
| २५००० सहायता (Subsidy) | १८ | ८०,७०,०००.०० | ७७,८७,१४९.०० | ७७,८७,१४९.०० | १,११,९९,५१३.०० | १,११,९९,५१३.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २१,००,०००.०० | १३,४६,५७६.०० | १३,४६,५७६.०० | १,०३,२५,७७२.०० | १,०३,२५,७७२.०० |
| २८००० अन्य खर्च | १८ | ४,००,०००.०० | ३,२४,७०६.०० | ३,२४,७०६.०० | २,००,०००.०० | २,००,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,७९,९८,७६३.३१ | १४,३७,१२,६८४.५९ | १४,३७,१२,६८४.५९ | १३,३४,०६,१७०.०० | १३,३४,०६,१७०.०० |
| घ. अन्य भूक्तानी | | २,८४,६०,०७४.१५ | १,८०,६८,६२४.१० | १,८०,६८,६२४.१० | ३८,४३,४४,९१९.१२ | ३८,४३,४४,९१९.१२ |
| कोषहरु | | २,८४,६०,०७४.१५ | १,६५,२९,१५०.१० | १,६५,२९,१५०.१० | १,९४,८६,०४७.१२ | १,९४,८६,०४७.१२ |
| धरौटी | | ० | १५,६४,३४१.०० | १५,६४,३४१.०० | २,५०,४००.०० | २,५०,४००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२४,८६७.०० | -२४,८६७.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (८७,६८,५५३.५४) | (८७,६८,५५३.५४) | (७,९१,४३३.६०) | (७,९१,४३३.६०) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,१६,९८,१२३.०६ | ५,१६,९८,१२३.०६ | ४,२९,०६,८२८.९१ | ४,२९,०६,८२८.९१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४,२९,२९,५६९.५२ | ४,२९,२९,५६९.५२ | ४,२१,१५,३९५.३१ | ४,२१,१५,३९५.३१ |
| | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ४,२९,२९,५६९.५२ | ४,२९,२९,५६९.५२ | ३,६९,४७,८५२.३१ | ३,६९,४७,८५२.३१ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन -**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.६,२४,९४,४६७।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.७५,१७,०००।०० र गरिवसँग विश्वेश्वर कार्यक्रममा रू.१२,४८,०००।०० समेत गरी रु ७,१२,५९,४६७।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२. पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार संचित कोषको रू.२,७१,२४,९८५।३१ मौज्दात रहेकोमा यो वर्ष रू.२,७१,९९,०९३।३१ जिम्मेवारी सारेको छ। जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.७४,१०८।०० बढी जिम्मेवारी सारेको छ ।

सैद्धान्तिक बेरुजु

४ **कर दायित्व -** पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू.२४,८६७।०० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८६७ |

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबिचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाइएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाइयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।

अत: ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.६०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.४६,४१,६६३।०० अर्थात अनुमान भन्दा २२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९४९१८६६२ | ४६४१६६३ | १.५७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५००००० | १८३४३० | ३६.६० |
| घरजग्गा वहाल कर | १००००० | ११६४६९ | ११६.४७ |
| व्यवसाय कर | ३५०००० | २१४८६८ | ६१.३९ |
| यातयात क्षेत्रको आम्दानी | २००००० | १८२०० | ९.१० |
| व्यक्तिगत घटना दस्तुर | ४००००० | ५१७३२३ | १२९.३३ |
| सिफारिश दस्तुर | ७००००० | ८१३६८२ | ११६.२४ |
| अन्य बिक्रीबाट प्राप्त रकम | ३००००० | १३१२०६ | ४३.७४ |
| अन्य कर | १७००००० | ८१३२७० | ४७.८४ |
| बेरुजू | २००००० | ३३०३५० | १६५.१८ |
| भूमि कर | १५५०००० | १३२९३०८ | ८५.७६ |
| अन्य निकायबाट प्राप्त लाभांश | ०० | १७३५५४ | ०० |
| जम्मा | ६०००००० | ४६४१६६३ | ७७ |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१० **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष रु ४६४१६६३ राजस्व उठाएको छ । रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको कारण पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

११ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरुको रू.३४,०७,७०४।८१ आम्दानी गरेको छ । वडाबाट मासिक रुपमा बैक दाखिला गर्ने गरेको छ । अत नियममा भएको व्यवस्था अनुसार समयमै बैक दाखिला गर्नुपर्दछ ।

| वडा नं | आम्दानी रकम |
|---|---|
| १ | ४२७६७७ |
| २ | ७३९८९८।२३ |
| ३ | ८२६२८३।३९ |
| ४ | ६४४०८८ |
| ५ | ३९९३७६।१९ |
| ६ | ३७०३८२ |
| **जम्मा** | **३४०७७०४।८४** |

सैद्धान्तिक बेरुजु

१२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.२,१४,८६८।२४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय, क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।१० मा रू.४१ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा

५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार न्युनतम रु ५० हजार देखि अधिक्तम रू.४ करोड ८१ लाख सम्मका कुल ८५ योजनामा वजेट विनियोजन गरेको छ।

| १ लाख सम्म | १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाखसम्म | रू.५ लाखदेखि १० लाखसम्म | रू.१० लाखदेखि ५० लाख सम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ३ | ४ | २१ | ३६ | १८ | ३ | ८५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावकारी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **बार्षिक खरीद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१४ करोड ३७ लाख १२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका आधारमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट रु हजारमा | खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१०१४ | १६२४३ | ४.२१ |
| २ | पूर्वाधार विकास | ९६८१० | ७७०९७ | १९.९६ |
| ३ | सामाजिक विकास | २३८६०७ | २२४४६२ | ५८.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२१५० | १०३३८ | २.६७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८००२८ | ५८०२८ | १५.०३ |
| **जम्मा** | | **४४८६१०** | **३८६१६९** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५८.१३ प्रतशित र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.६७ प्रतिशत रहेको छ । अत पालिकाको एकिकृत समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट बिनियोजन गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.४६,४१,६६३।२५ राजस्व बाँडफाँड र अनुदानबाट रू.३९,४४,१६,७०६।१० समेत रू.३९,९०,५८,३६९।४० आम्दानी भएकोमा चालुतर्फ रू.२४,२४,५६,०४१।०० र पूँजिगत तर्फ रू.१४,३७,१२,६८४।०० गरी जम्मा रू.३८,६१,६८,७२५।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रू.१४२२०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ३०.३५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१.८१ प्रतिशत चालु र १८.१९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **त्रैमासिक पुँजिगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु हजारमा) | | | | आषाढ महिनाको खर्च (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४३७१२ | १२०० | ६६१५ | ५५१४२ | ८०७५५ | ५३५६६ |
| प्रतिशत | | ०.८३ | ४.६० | ३८.३७ | ५६.१९ | ३७.२७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१४३७१२६८४।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.१२,००,०००।०० (०.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.६६,१५,०७७।०० (४.६० प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.५,५१,४२,०५४।०० (३८.३७ प्रतिशत) र चौथो त्रैमासिकमा रू.८,०७,५५,५५३।०० (५६.१९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रू.५,३५,६५,८४७।०० (३७.२७.प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रमअनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.५ देखि ३५ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२४ **सामुदायिक वन -** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६२ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपभोक्ता सम्बन्धी आफ्नो कार्यक्षेत्र बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजना अनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ। नगरपालिका

क्षेत्रभित्र रहेका ३० सामुदायिक वनले कार्य योजना तयार गरी पालिकामा पेश गरेको देखिएन। डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वनले आफ्नो कार्य योजना पालिकाबाट स्वीकृत गराई तोकिएको रकम पालिका संचित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **वातावरणीय प्रभाव मुल्यांकन नगरेको -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ। पालिकाले आफनो क्षेत्रभित्र रहेको खोल्सा खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने वस्तुको परिमाण एकिन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराएको देखिएन। अत पालिकाले आफ्नो क्षेत्रभित्रका ढुङ्गा गिट्टी बालुवा एवं माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामाग्रीको अव्यवस्थित उत्खनन संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तगर्त ५ बेडको आधारभुत अस्पताल निर्माणको लागि कौशिल बस्नेत।सारा सृष्टी।मकालु जे.भी.लाई दिएको पेश्की मध्ये रु १५०२३०३। बाँकी रहेको छ । बाँकी पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **कागती पकेट कार्यक्रम -**

२७.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन निर्देशिका, २०७७ र प्राविधिक समितिको २०८०।२।११ को निर्णय अनुसार कागती पकेट कार्यक्रम अन्तर्गत मिति २०८०।३।३ गते वडा नं ३ का सिंहदेवि कृषक समूहसँग कुल लागत रू.१५,००,६६९।०० को ५० प्रतिशत पालिकाले र बाँकी कृषक समूहले व्यहोर्ने गरी सम्झौता गरेको छ । सम्झौता अनुसार २०८०।३।२२ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा आ व को अन्त्यमा रू.५,३४,९६२।०० कृषक समूहलाई भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :-

- पालिकाले खर्च भएको बिल भरपाईमा कट्टा गर्नुपर्ने अनुगमन भत्ताको कर रकम रू.४,५००।०० सामाजिक सुरक्षा कर रू.१,०८६।०० ढुवानी कर रू.२,०९०।०० र अग्रिम आयकर रू.१०,८१४।०० गरी

जम्मा रू.१८,४९०।०० कर कट्टी नगरी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

- उक्त कार्यक्रमको लागि पालिकाले समन्वय गरी समयमै कार्य सम्पन्न गराउनु पर्नेमा सो नगरेको तथा पालिकाले अनुगमन गरेको समेत देखिएन । तसर्थ तोकिएको कार्यक्रम समयमै कार्य सम्पन्न गराउने तर्फ ध्यान जानुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,४९० |

२७.२ कागती पकेट कार्यक्रममा २ वटा पोखरी खन्ने, पाइप खरीद, कागतीको बिजु जातको २३०० बिरुवा, ग्राफ्टिङ्ग ९२२ बोट खरीद तथा सोसँग सम्बन्धित सिकेचर, कम्पोष्ट मल आदीको खरीद बिल भरपाई पेश भएकोमा कागतीको बोट ३२२२ वटा खरीद गरेको तर आ व को अन्त्यसम्ममा जम्मा १९७३ मात्र खाल्डो खन्ने तथा विरुवा रोपेको प्राविधिक मुल्यांकनबाट देखिएको छ । सो कार्यको म्याद थप समेत भएको नपाइएकोले र बाँकी १२४९ कागतीको बिरुवा रोपेको पनि नदेखिएको रू.३२४७४। असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,४७४ |

२८ **मसलन्द खर्च-** कार्यालयलाई वर्ष भरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रू.२३,९१,६७०।- र छपाइ तथा सुचना प्रकाशनमा रू.६,०९,४५३।- खर्च लेखेको छ। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ। पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ। त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ।जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।

- गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश म.ले.प.फा.नं.४१४ तयार नगरी रू.१९,१६,४०५।०० खर्च लेखेको छ। नियमको पालनातर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।
- सोही नियमावलीको नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । साथै नियम ९६ को उपनियम (२)(३) र (४) मा भएको व्यवस्था बमोजिम दुईपाङग्रे तथा चार पाङग्रे सवारी साधन मर्मत नगराई साथै कार्यालय प्रमुखबाट मर्मत आदेश नलिई मर्मत सम्भार गरेको तथा जिन्सी दाखिला नगरेको हुँदा उक्त खर्चलाई नियमित मान्न सकिएन ।

| मिति र गो भौ | बजेट शिर्षक | भुक्तानी रकम |
|---|---|---|
| २०७९।०८।१। ४८ | सवारी साधन मर्मत | ४२९५५ |
| २०७९।०८।२५ ५२ | सवारी साधन मर्मत | ११७४२५ |
| २०७९।०८।२९ ।५७ | सवारी साधन मर्मत एम्बुलेन्स | ३६५८८६ |
| २०८०।०२।२२ । २२८ | सवारी साधन मर्मत | २१७९३ |
| **कुल जम्मा** | | **५४८०५९** |

सैद्धान्तिक बेरुजु

३० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न शैक्षिक संस्थहरुलाई सहायता रू.१,००,०००।०० उद्धार,राहत तथा पुनस्थापर्ना खर्च रू.२,४७,७१५।०० एवं अन्य सामाजिक सहायता रू. ३,००,०००।०० समेत सहायता खर्च रू.६,४७,७१५।०० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि मापदण्ड एवम् आन्तरिक आम्दानीको विचार गरी वितरण गर्नुपर्दछ। आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **विल भरपाइ वेगर खर्च -** कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायका खर्च गर्दा भौचरसाथ आवश्यक प्रमाण कागजात समावेश नगरी रु ४७,९७५।०० भुक्तानी गरेको पाइयो । तसर्थ आवश्कयक कागजात वेगर भएको रु४७,९७५।०० प्रमाण पेश हुनुपर्ने रू.

| भौ नं मिति | सामान | विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ८०-२०७९।९।२४ | फाइबर सिरक भल्भेट ७वटा खरीद गरेकोमा | खरिद आदेश, जिन्सी दाखिला एवं वितरण भरपाइ समेत नभएको | २२४०० |
| ९२-२०७९।१०।६ | Rapo web camera एस एण्ड एस आइटी ग्रुपबाट २ वटा खरीद गरेकोमा | खरिद आदेश, जिन्सी दाखिला एवं वितरण भरपाइ समेत नभएको | १३५६० |
| ९२-२०७९।१०।६ | ट्यांकी युनिट लगायत साम्रगी | मर्मत आदेश, मर्मत अभिलेख खाता | १२०१५ |
| | | **जम्मा** | **४७९७५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,९७५ |

३२ **विविध खर्च -** कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ जसअनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रू.४६,८०,०००।०० खर्च गरेको छ। खर्च गरेको रकमको विल पेश गरेको भएतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाटसेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पदवाहेकको विभिन्न ६पदमा ७ जना करार नियुक्ति गरी बर्ष भरीमा रू.३१,१२,९०२।०० भुक्तानी गरेको अनियमित देखएको रु

| | |
|---|---|
| अनियमित भएको | ३१,१२,९०२ |

३४ **ईन्धन खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) रू.५,५२,०००।००, इन्धन कार्यालय प्रयोजन रू.१७,००,०००।०० र इन्धन अन्य प्रयोजन रू.२,९८,९००।०० समेत रू.२५,५०,९००।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५ **गैर सरकारी संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार गैर सरकारी संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहाय अनुसारका गैरसरकारी संस्थालाई महोत्सव तथा सांस्कृतिक कार्यक्रम लगायतमा अनुदान दिएको देखिन्छ । यस्तो खर्चलाई नियमित मान्न सकिएन ।

| भौ नं मिति | शिर्षक | संस्था / समुह | विवरण | रकम |
|---|---|---|---|---|
| ६७-२०७९।९।७ | गा पा चालु | अरुण डाँडा पर्यटन प्रवर्द्धन महोत्सव उ स | अरुण डाँडा पर्यटन प्रवर्द्धन महोत्सव | १०००००० |
| २३७-२०८०।२।२३ | गा पा चालु | मिरा राई फाउण्डेशन | मिरा राई ट्रेल रेश प्रतियोगिता | ३००००० |
| २७७-२०८०।३।१७ | गा पा चालु | किराँत राइ दुङमाली भाषा संस्कृति संरक्षण मन्च | दुङमाली भाषा संस्कृति संवर्द्धन उत्थान कार्यक्रम | ४५०००० |
| ३१७-२०८०।३।२१ | गा पा चालु | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि | ढुवानी | २०४००० |
| १९-२०८०।२।२५ | कृषि चालु | प्रगतिशिल कृषि सहकारी संस्था | रसायनिक मलखाद वितरण ढुवानी | २०६५५४ |
| २५-२०८०।३।४ | कृषि चालु | सारथी कृषि सहकारी संस्था | रसायनिक मलखाद वितरण ढुवानी | ८२२१४ |

सैद्धान्तिक बेरुजु

३६ **वडागत खर्च -** गाउँपालिकाले वडा नं. १ देखि ६ सम्म प्रति वडा न्युनतम रू.१,५०,०००।०० देखि अधिकतम रू.५,००,०००।०० सम्म उपलब्ध गराइ वडा सञ्चालन खर्च वापत रू.१२,८५,०००।०० खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु गाउँ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार लगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **गाउँपालिका अध्यक्षको पेश्की फछ्र्यौट -** कोशी प्रदेश गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ अनुसार पालिका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र बाहिर भ्रमण गर्नु परेमा ऐनमा भएको व्यवस्था बमोजिम दैनिक भ्रमण भत्ता सुविधा तोकिएको छ । पालिका अध्यक्ष श्री किरण राई पालिकाको काम विशेषले काठमाण्डौ गए वापत विभिन्न होटल विल विजक राखी खाजा खाना तथा होटल वास वापत होटल जन्मभुमी प्रा लिलाई रू.३,१९,२३६।०० भुक्तानी दिएको देखियो । ऐनमा तोकिएको व्यवस्था अनुसार दैनिक भ्रमण वापत हुने रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न विल भरपाईका आधारमा होटलहरुलाई भुक्तानी भएको रु ३,१९,२३६।०० उक्त खर्च रकम नगर सभाबाट अनुमोदन गरेको भएता पनि यस्तो खर्चलाई औचित्यपूर्ण मान्न सकिएन ।

| भौ नं मिति | शिर्षक | कैफियत | रकम |
|---|---|---|---|
| ११०-२०७९।११।१० | विविध खर्च | गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासनिक अधिकृत कार्यालयको कामकाजको लागि काठमाण्डौ गएको समयको बिल अनुसार | १४१५६५ |
| १११-२०७९।११।१० | विविध खर्च | गाउँपालिका अध्यक्षको विविध खर्च वापत पेश्की फर्छयौट गरेको विभिन्न विल | १७७६७१ |
| | | **जम्मा** | **३१९२३६** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **भत्ता रकम -**

.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२१ को निर्णयबाट रू.३०३२५।- सम्परीक्षण गरिएको ।)

३९ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश शसर्त चालु शिर्षकबाट अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको लागि रू.३२,२६,६१५।०० निकासा भएकोमा रू.३१,९७,०६५।०० खर्च भई बाँकी रहेको रकम रू.२९,५५०।०० मध्ये रु १६,४०५।०० प्रदेश संचित कोष दाखिला गर्नुपर्दछ । रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,४०५ |

४० **कर्मचारी फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले ९ जना कर्मचारीलाई वर्ष भरी

रू.६,२४,०००।०० फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्ने भएकोले त्यस भत्ता वितरण मितव्ययिता पुऱ्याउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **नाफामुलक संस्थालाई अनुदान -** बहुक्षेत्रीय पोषण कार्यक्रमबाट पोषण संवेदनशिलतामा (खानेपानी ,कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा) मा रू.१,५०,०००।०० बजेट विनियोजन भएकोमा उक्त बजेटलाई कृषिलाई प्राथमिकतामा राखी वडा नं २, ४ र ५ मा ५० प्रतिशत कृषक साझेदारीमा च्याउ खेतीको लागि रू.५० हजारका दरले उपलव्ध गराउने कार्यपालिकाको मिति २०७९।९।२० को निर्णय अनुसार नाफामुलक व्यक्तिगत फर्म नवदुर्गा कृषि तथा पशुपन्छी पालन फर्मलाई रू.५०,०००।०० अनुदान रकम उपलव्ध गराएको पाइयो। नवजात तथा मातृ शिशु र सुत्केरी आमाहरुको पोषण स्वास्थ्य सुधार कार्यक्रम गरी आय आर्जनमा सघाउ पुर्याउने कार्यक्रम संचालन गर्नुपर्नेमा नाफामुलक व्यक्तिगत फर्मलाई उपलव्ध गराएको अनुदान रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

४२ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० को भाग २ मा लक्षित समूह अन्तरगत बुँदा नं १(३) मा गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरु लक्षित समूह हुने र सम्बन्धित स्थानीय तहको जनसंख्याको आधारमा लक्षित समूह छनौट गर्नुपर्ने र भाग १० को बुँदा नं ४० मा त्यस्तो लक्षित समुहलाई प्रविधि हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था रहेको छ। नया लघु उद्यमीतर्फ वडा नं ३, ४, ५ र ६ र लघु उद्यमीको स्तरोन्नती वडा नं १ र २ मा संचालन भएकोमा कफिको बिरुवा वितरणमा शत प्रतिशत स्थानीय तह, पोखरी निर्माण, मिनिटिलर खरीदमा ८०:२० साझेदारीमा कार्यक्रम संचालन गर्ने कार्यपालिकाको निर्णय अनुसार पोली ब्याग सहित १३००० थान कफिको बिरुवा, १० थान प्लाष्टिक पोखरी र १९ थान मिनिटिलर को रु १४,३८,०००।०० खर्च लेखेकोमा पालिकाले नै सबै सामान खरीद गरी वितरण गरेको छ । पालिकाले सामान वितरणमा ३ वटा कृषक समूहलाई ७ वटा मिनि टिलर र बाँकी व्यवसायिक व्यक्तिगत फर्मलाई ६ वटा र वडा कार्यालयले सिफारिस गरेको आधारमा ६ जना व्यक्तिलाई विरतण गरेको पाइयो । निर्देशिकाको मर्म अनुसार लक्षित वर्गको समूह गठन गरी कृषक समूहलाई वितरण गर्नुपर्नेमा नाफामूलक व्यक्तिगत फर्म र अन्य व्यक्तिलाई वितरण गरेको मिनिटिलरको रु ४,९९,२००।०० अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,९९,२०० |

४३ **संयोजक भत्ता -** कार्य सञ्चालन कार्यविधि २०७७ को बुँदा नं ७.१.१५ सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्चमा तोकिएका दर संयोजक भत्ता रु३००। प्रतिदिनका दरले भुक्तानी हुनुपर्ने व्यवस्था छ पालिकाले संचालन गरेको देहायका तालिम कार्यक्रममा कार्यविधीले तोके भन्दा बढी दरमा भुक्तानी भएको रू.१७,९००।०० असुल गर्नुपर्ने रू.

| सि नं | कर्मचारीको नाम | अवधि | | | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तथा माध्यमिक विद्यालयका आइटी स्रोत शिक्षकका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम | मिति २०८०२।१० देखि ५ | सुनिता कटुवाल शिक्षा शाखा प्रमुख | तालिममा प्रस्तावना र प्रतिवेदन निर्माण | ३००० | १५०० | १५०० |
| | | | | संयोजक भत्ता | ५००० | १५०० | ३५०० |
| २ | IMES Update सम्बन्धि कार्यशाला | २०८०।२।२५ देखि २५ | | संयोजक भत्ता | २००० | ६०० | १४०० |
| | | | | प्रस्तावना प्रशिक्षक २ जना | २००० | १००० | १००० |
| ३ | प्राविधिक सिप विकास तालिम | २ दिने | बतेन्द्र राई | संयोजक भत्ता | २००० | ६०० | १४०० |
| ४ | सिप विकास कपी खेती २०८०।३।६-७ र ९-१० | वडा न २ र ४ मा २।२ दिन | बतेन्द्र राई | संयोजक भत्ता | ४००० | १२०० | २८०० |
| ५ | उद्यमशीलता विकास तालिम | २०८०।२।३२-३।८ सम्मा ३ वटा तालिम | सुदिप मरासिनी | संयोजक भत्ता | ९००० | २७०० | ६३०० |
| | **जम्मा** | | | | | | **१७९००** |
| | | | | | | असुल गर्नुपर्ने | १७,९०० |

४४ **एम्बुलेन्स आम्दानी -** पालिकामा संचालनमा रहेको एम्बुलेन्सबाट यस वर्ष रू.६,९३,२५०।०० आम्दानी र रू.७,१८,४०४।०० खर्च भएको विवरण पेश भएको छ । एम्बुलेन्सको आम्दानी खर्च सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजम छ ।

- पालिकाले पालिका भित्रको ७० वर्ष माथीका जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिलाका लागि निशुल्क र पालिका बाहिरको जेष्ठ नागरिक र गर्भवति महिलालाई ५० प्रतिशत छुट र अन्यलाई शत प्रतिशत भाडा लिने गरी स्थान विशेषलाई ध्यानमा राखेर न्युनतम १००० देखि अधिक्तम २९००० सम्म भाडा वापत लिने गरेर कार्यपालिकाले निर्णय गरे अनुरुप रसिद काटी शत प्रतिशत छुटलाई समेत रसिदमा निशुल्क लेखिएको पाइयो । यस वर्ष गर्भवती तथा सुत्केरी संख्या ११४ र जेष्ठ नागरिक तथा अपाङ्गता भएको १९ जना लगायत जम्मा २०८ जनालाई वार्षिक एम्बुलेन्स सेवा उपलव्ध गराएको छ ।
- एम्बुलेन्स आम्दानीको लागि प्रयोग भएका रसिद प्याडहरुको परीक्षण गर्दा उक्त रसिद प्याड जिन्सी शाखामा दाखिला भएको देखिएन ।

- जिन्सी शाखा प्रमुखले रसिद बुझाएको अभिलेखबाट रसिद ठेली नम्बर परीक्षण गरी एम्बुलेन्स चालक दिनेश खड्का ले २०७७।७८ मा ३ वटा ठेली २००१ देखि २१५० सम्म र २०७८।७९ मा २८५१ देखि २९०० र २९५१ देखि ३००० सम्म २ वटा ठेली बुझेको देखियो । जुन प्रयोग भएको र सो को आम्दानी खर्चको विवरण कार्यालयमा बुझाएको पाइएन । सो रसिद ठेलीहरु कहिले छपाइ भयो सो खुल्ने विवरण पेश भएको छैन ।
- यस वर्ष पालिकाको स्वास्थ्य शाखाबाट पेश भएको रसिद ठेली परीक्षण गर्दा देहायको आम्दानी गरेको पाइयो ।

| रसिद नं | | | |
|---|---|---|---|
| **देखि** | **सम्म** | **आम्दानी** | **कैफियत** |
| ३०८१ | ३१०० | ८६५०० | |
| ३२०१ | ३२५० | ११८५०० | |
| ३१५१ | ३२०० | २०४००० | |
| ३२५१ | ३२८५ | ११७२५० | ३२८६ देखि ३३०० सम्म लेखापरीक्षणको समयमा पेश नभएको |
| ३५०१ | ३५५० | १६५७५० | |
| ३२८६ | ३२८८ | १२५० | २०८०।३।२६ देखि ३।२८ सम्मको रु१२५० ले प अवधिमा पालिकाको खातामा जम्मा गरेको |
| | **जम्मा** | **६९३२५०** | |

माथी उल्लिखत रसिद प्याडहरु पालिकाले छपाइ गरि आम्दानी गरेको र खर्च गरेको प्रमाणित विवरण पेश भएको छैन । पालिकाले रसिद नियन्त्रण खाता राखेको छैन ।कार्यालयले के कति रसिद छपाई गरेको रसिद ठेलीको आम्दानी र खर्च तथा मौज्दातको विवरण पेश नगरेकोले प्रयोग भएको रसिदको सम्बन्धमा एकिन हुन सकिएन । यस सम्बन्धमा पालिकाबाट आवश्यक छानविन गरी सम्पुर्ण रसिदबाट भएको आम्दानीलाई दुरुस्त अभिलेखांकन गर्नुपर्दछ ।

परिक्षण गरिएका रसिदबाट देखिएको आम्दानी पालिकाको आम्दानी खातामामा राखी पालिकाको चालु खर्च खाताबाट एम्बुलेन्स इन्धन मर्मत तथा चालकको तलब खर्च लेख्नुपर्नेमा आम्दानीबाट सोझै खर्च गर्ने गरेको पाइयो । आम्दानी रू.६,९३,२५०।०० भन्दा रू.२५,१५४।०० बढी खर्च भएको सम्बन्धमा बुझ्दा निशुल्क रसिद बढी काटेकोले

सो हुन गएको पालिकाको भनाइ रहेको छ । तसर्थ पालिकाले एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा आवश्यक कार्यविधि बनाई आम्दानी व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **काली खोला झोलुंगे पुल -** झोलुंगे पुल क्षेत्रगत कार्यक्रम संघीय अनुदानका शर्तहरु अन्तर्गत बुदा नं. ८ मा झोलुंगे पुल निर्माण गर्दा नेपाल सरकारको नीति अनुसार सबै सार्बजनिक तुइन रहेको स्थानहरुको पहिचान गरी उक्त तुइन विस्तापित हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं. ६ मा छोटो तिरको झोलुंगे पुलहरुको निर्माण सम्बन्धित स्थानीय तहले स्थानीय गैर सरकारी संस्था परिचालन गरी उपभोक्ता समिति मार्फत निर्माण गराउनु पर्ने व्यवस्था छ। जसअनुसार पालिकाले सेतो गुराँस बाल तथा सामुदायिक विकास संस्था भोजपुरसँग मिति २०७८।७।८ मा सम्झौता भई २०८०।७।३० मा सम्पन्न गर्ने गरी कालिखोला झोलुंगे पुल विस्तृत परियोजना प्रतिवेदन पेश गरेकोमा २०७८।७।८ मा पालिकाले रू.३७,६१,२५५।५९ को डिपिआर स्वीकृत गरेकोमा पुन रिभाइज्ड डि.पि.आर रू.४०,१३,०३१।०१ को मिति २०७८।८।१ मा स्वीकृत भएको छ। Span ६३m, ww.width १०६(४wc) cm रहेको उक्त झोलुंगे पुल तुइन र खोला नभएको तथा वस्ती जोड्ने नभई मुख्य सडक छेउको डाँडा खारेर विगतमा खहरे खोला बग्ने स्थानमा बन्न लागेको छ।

उक्त पुल निर्माणको लागि पालिकाले पुलको फेब्रिकेशनको लागि इबिड गरेको र २ वटा संस्थाको मात्र विड परेकोमा कम कबोल गर्ने एस.के.इन्जिनियरिङ्ग इन्डस्ट्रिज बुटवलको मू.अ.कर सहित रू.९,२०,७६१।२९ मा सम्झौता गरी पालिका पुँजिगत शिर्षकबाट गो.भौ.नं. १२४।२०८०।२।१६ मा फेब्रिकेशनका सामानहरु प्राप्त भै बिल बमोजिम रू.९,२०,८१८।२४ भुक्तानी भएको छ। पुलको छेउछाउको भागमा स्टोन सोलिङ तथा मेसनरी वालको कामको लागि कालीखोला झोलुंगे पुल निर्माण उपभोक्ता समिति गठन गरी उक्त समिति, गाउँपालिका र सेतो गुराँस बाल तथा सामुदायिक विकास संस्था भोजपुरसँग रू.२२,८९,७०४।४६ मा मिति २०७९ आषाढ मसान्तसम्म काम सक्नु पर्ने गरी मिति २०७९।२।१९ मा सम्झौता भएको छ। उक्त झोलुंगे पुलको पहिलो रनिङ्ग बिलवापत २०७९।३।२५ मा रू.१०,९२,५८३।०० भुक्तानी भएको र हाल गो भौ नं १६।२०७९।१२।१ मा दोश्रो रनिङ्ग बिल वापत रू.५,६१,०००। पेश गरेकोमा पेश्की रकम रू.२,००,०००। घटाइ बाँकी भुक्तानी भएको छ। हालसम्म रू.१६,५३,५८३।०० भुक्तानी भएको छ। दोश्रो रनिङ्ग बिलसम्म उपभोक्ता समितिले रू.१७,९३,३७४।०० को मुल्यांकन पेश गरेको छ। उपभोक्ता समितिले दुबै छेउको वाल बनाउने कामको कार्यसम्पन्न गरेको प्रतिवेदन पेश भएको छैन । साथै उपभोक्ता समितिसँग उक्त कामको म्याद थप गरेको पनि छैन।

हालसम्म उक्त झोलुंगे पुलको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६० भएको विवरण पेश भएको छ। उक्त झोलुंगे पुलको स्थलगत निरीक्षण गर्दा झोलुंगे पुलको लागि आवश्यक पर्ने तारको लठ्ठा TBSU धरानबाट उपलव्ध गराएकोले तारको लठ्ठाहरु उक्त स्थान रहेको, पालिका भवन र मुल बाटोले छोएको र खोला नभएको स्थानमा बन्न लागेको उक्त पुल आवश्यकताको विश्लेषण गरेको छ भन्ने समेत अवस्था देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र जहाँ आवतजावत गर्न गाह्रो छ वा आवतजावतको दुरी घटाउने हो सो स्थानको पहिचान गरी सो स्थानमा

झोलुंगे पुल बनाउने कार्यमा समन्वयात्मक भूमिकामा रहनु पर्दछ । उक्त निमार्ण कार्यको अनुगमन समेत गरेको नदेखिँदा स्थानीय तहसँग समन्वय गरेर प्राथमिकता र आवश्यकताको आधारमा बजेट खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **संघीय शसर्तबाट अन्य खर्च-** विनियोजन ऐन २०७९ को दफा १२ मा सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय शसर्त हस्तान्तरित चालु अन्तर्गतको देहायको खर्च गरेको रकम रू.३८,६५,९७६।०० अनियमित देखिएको रु

| भौचर नं | खर्च लेखेको शिर्षक | विवरण | रकम |
|---|---|---|---|
| २८।२०७९।९।२८ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा . स्वा . के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब , महंगी भत्ता स्थानीय भत्ता पोशाक लगायत प्रशासनिक खर्च समेत | गा पा अध्यक्षको सचिवालयको खर्च | १४७६४३ |
| ३८।२०७९।१०।२६ | | पालिका संचालन खर्च र अतिथी संस्कार खर्च | ८२९४० |
| ८७।२०८०।०१।३१ | | पालिकाको मिटिङ्ग हलको लागि फर्निचर खरीद | ८९०९०८ |
| ८८।२०८०।१।३१ | | पालिकाको ए सि मर्मत खर्च | ४८००० |
| १०२।२०८०।२।२३ | | १० थान गाडीको टायर खरीद | १५३७५० |
| १४४।२०८०।३।२१ | | विभिन्न मितिको बिलबाट एम्बुलेन्स मर्मत खर्च | १२३६६५ |
| १५४।२०८०।३।२४ | | गाउँ पालिकाको लागि १० थान कुर्सी खरीद | ५५५९६० |
| १७५।२०८०।३।२२ | | स्वकीय सचिवको भ्रमण खर्च | १०००० |
| १७६।२०८०।३।२४ | | खोटाङ हलेसी फर्निचरलाई ढुवानी खर्च | ७४०६४ |
| ७०।२०८०।१।१२ | | बैठक हल निर्माण उपभोक्ता समिति | १६१५१५५ |
| १५८।२०८०।३।२४ | सुर्तिजन्य पदार्थ सेवा न्युनिकरण | क्षयरोग जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समूदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम | २५००० |
| | प्रजनन रुग्णता | | २९६०० |

| | | | |
|---|---|---|---|
| | आकस्मिक अवस्थामा | | २२५०० |
| | तलब तथा प्रशसानिक खर्च | | १३००० |
| १५५।२०८०।२४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पाइप खरीद | ७३७९१ |
| | | **जम्मा** | **३८६५९७६** |

| | |
|---|---|
| अनियमित भएको | ३८,६५,९७६ |

४७ **सुनौलो हजार दिन कार्यकम -** सुनौलो हजार दिन कार्यक्रम संचालन गर्न पोषण कार्यक्रम अन्तर्गत पालिकाले निर्णय गरेर हजार दिन भित्रका आमाहरुलाई बिउँ विजन वितरणका लागि रु १ लाख बराबरको तरकारीको बीउ खरीद गर्ने निर्णय अनुसार सि जि एन एस सिड्स प्रा लि बाट रायो मुला करेला सिमि लगायत कम्पोजिट प्याकेट ४०० प्याकेट बिउ रु २५०का दरले खरीद गरेको पाइयो । सो तरकारीको बिउ वितरण गरेको भरपाई पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४८ **विद्यालयको जिन्सी -**

*✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२१ को निर्णयबाट रू.५०००० /- सम्परीक्षण गरिएको ।)*

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत १०० दिनले ६३३९ दिन रोजगारी उपलव्ध गराई रु३६ लाख ५७ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **चाडपर्ब खर्च -**

५०.१ गाउँपालिकाको अ.हे.व चौथो अमृत महतोको पचरौता नगरपालिका बेनौली बारामा सरुवा भएकोमा कार्यालयको च नं १७० मिति २०७९।५।२२ को रमाना पत्रमा २०७९।५।२३ देखि लागु हुने गरी रमाना भएको र सो पत्रमा निजले भाद्र महिनासम्म तलब भत्ता लिएको, चाडपर्ब खर्च लिने चाड बडादशैं भएको उल्लेख भएको तर रमाना पत्रमा चाडपर्ब खर्च लिए नलिएको सम्बन्धमा केही उल्लेख नभएको र यस पालिकाबाट चाडपर्ब वापत रू. ३८,३८७।०० भुक्तानी भएकोमा निजले सरुवा भएको पालिकाबाट समेत भुक्तानी हुने हुँदा यस पालिकाबाट भुक्तानी दिएको चाडपर्ब खर्च असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,३८७ |

५०.२ गाउँपालिकाको अ.हे.व चौथो मनोज कुमार मण्डलको कोशी गाउँपालिका सुनसरीमा सरुवा भएकोमा कार्यालयको च नं १५० मिति २०७९।५।१६ को रमाना पत्रमा २०७९।५।१७ देखि लागु हुने गरी रमाना भएको र सो पत्रमा निजले श्रावण महिनासम्म तलब भत्ता लिएको, चाडपर्ब खर्च लिने चाड बडादशैं भएको उल्लेख भएको तर रमाना पत्रमा चाडपर्ब खर्च लिए नलिएको सम्बन्धमा केही उल्लेख नभएको र श्रावण महिनाको तलबमा चाडपर्ब खर्च लेख्दा नमिल्ने हुँदा यस पालिकाबाट चाडपर्ब वापत रू.३८,३८७।०० भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,३८७ |

५१ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमि नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८४५ जना रहेका छन। पालिकाले यति हिमालयन सर्जिमेड प्रा.लि.बाट ७७८७ थान रू.११३।०० का दरले स्यानिटरी प्याड रू.८,७९,९३१।०० (मु. अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमि नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

- पालिकाले ८ वटा विद्यालयहरुलाई प्रति विद्यार्थी ९ प्याकेटका दरले सेनिटरी प्याड बुझाएको पाइयो। पालिकाबाट सबै सेनिटरी प्याड जिन्सीबाट निकासी गरी खर्च देखाएकोमा छात्राहरुको लागि खरीद गरेको स्यानिटरी प्याड सम्बन्धित विद्यालयहरुलाई वितरण नगरी राखेको १८२ थानको रू.२०.५६६।०० पालिकाको जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,५६६ |

५२ **छात्रवृत्ति अनुदान निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं ७.२.१.१ मा उल्लेख भए अनुसार सार्बजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृत्ति दिने कार्यक्रम अनुसार स्थानीय तहले विद्यालयको रकम मागको आधारमा गैर आवासिय छात्रवृत्ति रकम चौमासिक रुपमा उपलव्ध गराउने व्यवस्था छ। देहायका विद्यालयहरुमा इएमआईएस २०७९ को प्रतिवेदन अनुसार देखाएको छात्राहरुको संख्याको आधारमा छात्रवृत्ति तोकिएको दरमा निकासा रकम र वितरण भिडान गर्दा देहायका विद्यालयहरुलाई छात्रवृत्तिमा रू.४००। का दरले बढी संख्यालाई निकासा भएको रकम रू.२४,४००।०० असुल गर्नुपर्दछ ।

| सि नं | विद्यालयको नाम | Emis अनुसार छात्राको संख्या दलित सहित | भुक्तानी भएको हुनुपर्ने छात्रा दलित सहित | बढी संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | पञ्चकन्या मा वि | ११५ | १२७ | १२ | ४८०० |
| २ | जाल्पा प्रा वि | ५ | १३ | ८ | ३२०० |
| ३ | मानेडाँडा मा वि | १०४ | १२६ | २२ | ८८०० |
| ४ | मालिका प्रा वि | ८ | १२ | ४ | १६०० |
| ५ | सरस्वती प्रा वि | ७ | ९ | २ | ८०० |
| ६ | पञ्चकन्या प्रा वि | ११ | १३ | २ | ८०० |
| ७ | महादेवि आ वि | ८० | ९१ | ११ | ४४०० |
| | **जम्मा** | **३३०** | **३९१** | **६१** | **२४४००** |
| | | | | असुल गर्नुपर्ने | २४,४०० |

५३ **सामाजिक सुरक्षा -**

५३.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको वितरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिम ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नु भएकोमा कार्यालयले सो सम्बन्धी बैंकबाट विवरण लिई कार्य गरेको पाइएन । कार्यालयले कार्यविधिले निर्धारण गरेको व्यवस्थाको पालना गरी भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्यु दर्ता प्रमाणपत्र एवं बसाइसराइ गरेको वितरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राहीको किताब अद्यावधिक नहुंदा चौमासिक मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम.आइ.एस सफ्टवेयर प्रणाली अद्यावधिक भएको छैन। लगतकट्टा भएका लाभग्राहीको पनि भुक्तानी दिएको रु३९९८०। असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| लाभग्राही को परिचय नं | लाभग्राहीको नाम | सा सु किसिम | ठेगाना | लगत कट्टा लागु मिति | लगत कट्टा गरेको मिति | त्रैमासिक | बढी रकम भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २००५१०२९०२०५२ | काजीमान राई | अन्य जेष्ठ नागरिक | पौवादुङमा ४ | २०७९।३।३० | २०७९।१०।२७ | पहिलो र दोस्रो | २४००० |
| १९९६०१०११०८३९ | चन्द्र माया पौडेल | अन्य जेष्ठ नागरिक | पौवादुङमा ४ | २०७९।६।२ | २०७९।१०।२७ | एक महिना | ४००० |
| २०१२०१०१०६२१२ | इन्द्र बहादुर कामी | दलित जेष्ठ नागरिक | पौवादुङमा ४ | २०७९।६।२९ | २०७९।१०।२७ | दोस्रो | ७९८० |
| १९८८०५२५००४३१ | शरणबहादुर राई | अन्य जेष्ठ नागरिक | पौवादुङमा २ | २०८०।१।३१ | २०८०।५।३१ | एक महिना | ४००० |
| | | | | | | **जम्मा** | **३९९८०** |

| असुल गर्नुपर्ने | ३९,९८० |
|---|---|

५४ **प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति

भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **हेभी इक्विपमेन्ट प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण |
|---|---|---|---|---|
| ६८।२०७९।१२।३ | प्याक्ला खेसाङ पुछार याकु कृषि सडक उ स वडा नं ३ | नयाँ ट्र्याक खोलेको | १०५६८१८ | जेसिबी |
| १०१।२०८०।१।१७ | वास्तिम हुँदै अखुवा खोला सडक वडा नं ४ | नयाँ ट्र्याक खोलेको | १५४२२८४ | जे सिबी |

| | | | | |
|---|---|---|---|---|
| १९१।२०८०।१।३१ | साविक टोल नं १ ४ ६ को सडक सर्भे निर्माण एवं स्तरोन्नती | मर्मत | ८९२१९० | |

सैद्धान्तिक बेरुजु

५७ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५८ **परामर्श खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्रम संख्या | कार्यक्रमको नाम | कुल खर्च |
|---|---|---|
| १ | Procurement of Consulting Services for Preparation of Updated Rural Municipal Land Use Map with Cadastral Superimpose of Pauwadungma Rural Municipality | ९९१८५७ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

५९ **प्रमाण पेश गर्नुपर्ने -**

५९.१ कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायका कार्यमा खर्च गर्दा पुष्टी हुने प्रमाण वेगर रु ७६,६७९।०० खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु

| भौ नं मिति | शिर्षक | विवरण | प्रमाण पेश हुनुपर्ने | रकम |
|---|---|---|---|---|
| २७-२०७९।१२।१० | अपाङ्गता रोकथाम पुनस्थापना कार्यक्रम | सुजना राई | अपाङ तथा औषधी उपचारको प्रमाण नभएको | २५००० |
| १३-२०७९।१०।२७ | अपाङ्गता रोकथाम पुनस्थापना कार्यक्रम | रिता कटुवाल | अपाङ तथा औषधी उपचारको प्रमाण नभएको | २५००० |
| ५५-२०८०।३।२४ | अपाङ्गता रोकथाम पुनस्थापना कार्यक्रम | ३० पिस L stick | जिन्सी दाखिला तथा वितरण भरपाइ पेश नभएको | २६६७९ |
| | | | **जम्मा** | **७६६७९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,६७९ |

५९.२ सार्वजनिक खरिद ऐन, २०६३ दफा ५२(१)र (२) खरिद सम्झौता र सोका शर्तहरु फूटकर खर्च बाहेक ब्यवस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम २० खरिद सम्झौताको छनौट र नियम२१ (१) (२) र (३) मालसामान वा अन्य सेवाको खरिद सम्झौता सम्बन्धी व्यवस्था रहेको छ । तर पालिकाले पालिका भित्र इन्टरनेट सेवा प्रवाह गर्नको लागी बजेट शिर्षक संचार महसुल बाट खर्च लेखी कुनै सम्झौता बार्षिक रुपमा नगरी इन्टरनेट सेवा देहाय बमोजिमको सेवा प्रदायक संस्थाहरुलाई भुक्तानी गरेको हुँदा सो वार्षिक सम्झौता समेत नराखेकोले सो प्रमाण पेश हुनुपर्ने रू.

| मिति र गो भौ नं | सेवा प्रदायक संस्था | भुक्तानी रकम |
|---|---|---|
| २०८०।३।२४।३३९ | टेक माइण्डस नेटवर्क प्रा ली | १८२३४० |
| २०८०।०३।२४ | सुविसु केवलनेट लि | १७८९९२ |
| | **कुल जम्मा** | **३६१३३२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६१,३३२ |

५९.३ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२१ को निर्णयबाट रू.५५५००।- सम्परीक्षण गरिएको ।)*

६० **प्रस्ताव वेगर खर्च -**

६०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ७२(१) परामर्श सेवा ऐनको दफा ६ क. बमोजिम मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । (२) उपनियम

(१) बमोजिम प्रस्ताव माग गर्दा सम्भव भए सम्म छ वटा र कम्तीमा तीन वटा परामर्श दातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई प्राविधिक र आर्थिक छुट्टा छुट्टै खाममा माग गर्नुपर्दछ । तर पालिकाले विभिन्न मितिमा E-bids को सूचनाहरु प्रकाशन गर्दा एउटा मात्र फर्म समाबेश गराई सुचना प्रकाशन गरि उक्त फर्मलाई भुक्तानी दिएको हुँदा आर्थिक प्रस्ताव पेश विना नै एउटा मात्र फर्मलाई भुक्तानी दिएको हुँदा नियम संगत नदेखिएको रू.

| मिति र गो भौ | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|
| २०७९।०७।२९। ३८ | रमाइलो एडभरटाइजमेन्ट प्रा लि | १७६२८० |
| २०७९।१०।०६। ९१ | रमाइलो एडभरटाइजमेन्ट प्रा लि | १००१७४ |
| २०७९।११।२३। १३४ | फास्टेक मिडिया एजेन्सी | ५०३४१ |
| २०८०।०२।१४। २१९ | फास्टेक मिडिया एजेन्सी | ४९३५८ |
| **कुल जम्मा** | | **३७६१५३** |

| | |
|---|---|
| अनियमित भएको | ३,७६,१५३ |

६०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ७२(१) बमोजिम परामर्श सेवा ऐनको दफा ६ क. बमोजिम मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । तर पालिकाले पराशर्म सेवा लिन सकिने बजेट निर्माण गर्दा बजेटमा नै फर्म तथा परामर्श दाताको नाम किटान गरि बजेट विनियोजन गरेको हुँदा नियम संगत मान्न नसकिएको रू.

| क्र.स | बजेट शिर्षक | विनियोजन | खर्च | कैफीयत |
|---|---|---|---|---|
| १ | समाज रुपान्तरण मिडिया प्रा.लि. कार्यक्रम उत्पादन र प्रशारण | १००००० | १००००० | |
| २ | के एस मिडिया प्रा.ली सँग बार्षिक कार्याक्रम उत्पादन तथा प्रसारण साझेदारीमा | ३५०००० | ३५०००० | |
| ३ | के एस मिडिया प्रा.ली कार्यक्रम उत्पादन तथा प्रसारण वडा नं १ | ५०००० | ५०००० | |
| ४ | वडा समितिको निर्णयनुसार के एस मिडिया प्रा.ली वडा नं ५ | २५०००० | ५०००० | |
| ५ | के एस मिडिया प्रा.ली कार्यक्रम उत्पादन तथा प्रसारण वडा नं ६ | ५०००० | ५०००० | |
| | **कुल जम्मा** | | ६०००००। | |

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

६१ **सक्कल विजक वेगर खर्च -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्नेछ । पालिकाले देहाय बमोजिमको खर्च गर्दा सक्कल कर विजक पेश नगरी प्रिन्टेट फोटोकपी विल राखि भुक्तानी दिएको हुँदा सक्कल बिल पेश गर्नुपर्ने रू.

| मिति र गो भौ | बजेट शिर्षक | रकम |
|---|---|---|
| २०७९।१२।०१। १४० | विविध खर्च वडा नं २ | रु १५००० |
| २०८०।०३।२३ । ३३० | मनिसा ट्राभल्स एण्ड टुर | रु९८१८८ |
| **कुल जम्मा** | | **११३१८८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,१८८ |

६२ **कर असुल गर्नुपर्ने -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल दाखिला भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२१ को निर्णयबाट रू.३४५०० ।- सम्परीक्षण गरिएको ।)*

६३ **फरक शिर्षक -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३२ तथा नियम ३३ अनुसार रकमान्तर तथा कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ ।साथै गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ को उपदफा (१) देखि (९) सम्म भएको व्यवस्था बमोजिम दैनिक भ्रमण भत्ता प्राप्त गर्ने व्यवस्था रहेकोमा पालिकाले हिउँदे गाउँसभामा बजेट संशोधन प्रस्ताव पास नगरी बजेट शिर्षक फरक पारी फरक प्रकृतिका खर्च शिर्षकबाट फरक खर्च लेखी भुक्तानी दिएको देखिन्छ। पालिकाले देहाय बमोजिमको खरिद कार्यमा भुक्तानी दिदा बजेट शिर्षक भन्दा फरक शिर्षकबाट भुक्तानी दिएको देखिन्छ । जसको लागि गाउँसभामा बाट पास भएको निर्णय समाबेश नभएकोले नियम संगत नदेखिएको रू.

| मिति र भौचर नं | बजेट शिर्षक | फरक खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| २०७९।११।१४। १२० | विशिष्ट ब्याक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | खाजा खाना नास्ता होटल बास खर्च अतिथि सत्कार खर्च को एक मुष्ट भुक्तानी | १४४८५० |
| | **जम्मा** | | **१४४८५०** |

| | |
|---|---|
| अनियमित भएको | १,४४,८५० |

६४ **अमानतबाट कार्य -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ अनुसार सामान्य प्रकृतिको मर्मत संभार सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट काम गर्न सकिने ब्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलिकै नियम ९८ अनुसार सार्वजनिक निकायले अमानती कार्य गर्न एक तह माथिको अधिकारीको पुर्वस्वीकृति लिनुपर्ने ब्यवस्था गरेको छ । पालिकाले यस बर्ष स्वीकृति समेत नदिई प्राविधिक जटित प्रकारका कार्यहरु समेत लागत अनुमान तयार गरि अमानत मर्फत गरेको हुँदा नियम संगत नदेखिएको रू.

| मिति र गो भौ | बजेट शिर्षक | रकम |
|---|---|---|
| २०८०।३।२२। ३१९ | प्रकृतिक प्रकोप ब्यवस्थापन( वडा सचिव श्री मिन प्रकाश चौधरी ) खम्बुक कृषि सडक | रु ५०००० |
| २०८०।०३।२३। ३२९ | वडा कार्यालयको निर्णनुसार वडा कार्यालय मर्मत | रु १००००० |
| २०८०।३।२४।३५५ | सोधपुछ तथा स्तानपान कक्ष निर्माण (विवेक आचार्य) | रु ९६००० |
| २०८०।३।२४। ३५३ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च (पालिका परिसर निर्माण गेहेन्द्र कुमार उपाध्याय) | २७५७७५ |
| | **कुल जम्मा** | **५२१७७५** |

| अनियमित भएको | ५,२१,७७५ |
|---|---|

६५ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **कानून निर्माण र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३वटा नियमावली, ४ निर्देशिका, २१ कार्यविधि, २ मापदण्ड, १ नीति लगायत ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ३३ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको र ११ कानुन निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो वर्ष थप भएको १ गरी कुल १ विवाद दर्ता भएकोमा छलफलको क्रममा रहेकोले १ मुद्दा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६८ **सहकारी -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ४ वटा सहकारीले विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६९ **सार्बजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७० **अनुदानको उपयोग -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रू.२९ लाख अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **तिवारी भंज्याङ्ग मानेडाँडा सडक**

७१.१ तिवारी भन्ज्याङ मानेडाँडा सडक (पन्चकन्या कृषि सडक स्तरोन्नति) संघीय समपुरक अनुदान, प्रदेश समपुरक अनुदान र यस गाउँपालिकाबाट संघीय सरकारसँग साझेदारी र प्रदेश सरकारसँग साझेदारीमा जम्मा रु३७००००००। बजेट कायम गरेको छ। सुरु ठेक्कामा घटेको रकमबाट पुन तिवारी भन्ज्याङ मानेडाँडा सडक स्तरोन्नतिको लागि रु १०८६८४२२ को लागत अनुमान तयार गरी ईबिड मार्फत बोलपत्र आह्वान गरेको देखिन्छ। १० वटा बोलपत्र परेकोमा सारभूत रुपमा प्रभावग्राही डि एण्ड जे एस निर्माण सेवासँग रु७१९०७४१ मा २०८०।३।१५ मा सम्पन्न गर्ने गरी २०७९।११।१४ मा सम्झौता भई रु ६२९५६५३ को कार्यसम्पन्न गरेको देखिन्छ । यसरी फिर्ता गर्नुपर्ने रकमबाट पुन सडक निर्माणमा खर्च गरेको नियमित देखिएन ।

सैद्धान्तिक बेरुजु

७१.२ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गर्नुपर्दा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ।आर्थिक बर्ष २०७८।०७९ मा सानोदुम्मा ठूलोदुम्मा खानेपानी

आयोजनाको लागि मिति २०७८।८।१२ मा कालिका देविथान जे.भिसँग रु१७८२७७०५ को सम्झौता भएको देखिन्छ। भौचर नम्बर ३६।०८०।३।२२ अन्तिम बिलबाट पेश्की बाँकी रु१९८४८०० कट्टी गरी रु ५०६४७२ भुक्तानी गरी कार्य सम्पन्न भएको छ । कार्य सम्पन्न गर्दा निम्नानुसार घटी बढी काम भएकोमा नियमावली अनुसार भेरिएसन गरेको देखिएन ।

| Item no | Estimated qty | Actual qty |
|---|---|---|
| १.२ foundation excavation | ४५९.९३ cum | १४५६.१० |
| २.२ २५०mm thick plain GI sheet | २४.०३ m | ० |
| २.३४ ½" dia rotary piston water meter | २१५ no | ० |
| २.४१ GI elbow ४०mm | ११ no | २३ |
| २.४८ GI pipe ४०mm | १३.१० no | ५१.१० |

सैद्धान्तिक बेरुजु

७१.३ ठेक्का सम्झौता र सार्वजनिक खरीद नियमावलीको नियम १११ मा गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सिलबन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुला नमुनाको आधारमा परीक्षण गर्दा सम्बन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो वा होइन एकिन गर्न सक्ने अवस्था छैन। साथै निर्माण व्यवसायीले गुणस्तर आश्वश्ता योजना पेश गरी सोही अनुसार निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्री मात्र प्रयोग गर्नुपर्नेमा सो अनुसार नगरेको, सडकको फिल्ड डेन्सिटी टेस्ट, सबवेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको अभिलेख तथा लग राखेको देखिएन। अत निर्मित सडकहरुको गुणस्तरमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७२ **भेरिएशन -** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८ मा खरीद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गर्नुपर्दा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। लागत अनुमानमा चेनेज ८+१५० उल्लेख भएकोमा उक्त सडकको निर्माण कार्य गर्दा धेरै मोड भएको, ग्रेड डाउन भएको साथै जटिल भूगोलको कारणले ट्र्याक परिवर्तन गर्दा लम्बाई ८+६७० बढ्न गएको भनी भेरिएसन गरेता पनि पालिकाले संशोधित लागत अनुमान तयार गरेको छैन। लागत अनुमानमा उल्लेख भएको भन्दा घटी बढी काम गर्न आवश्यक भएमा प्राविधिक पुष्ट्याइको आधारमा मात्र भेरिएसन गर्नुपर्दछ। प्राविधिकको प्रतिवेदनमा विभिन्न आइटममा परिमाण घटबढ भएको भनी कार्यपालिकाको

२०८०।३।५ को निर्णयानुसार भेरिएसन गरी कार्य सम्पन्न गरेको देखियो। तसर्थ पालिकाले लागत अनुमान तयार गर्दा सबै पक्षलाई विचार गरी लागत अनुमान यथार्थपरक बनाउनु पर्दछ ।

| Item no | Estimated qty | Actual qty |
|---|---|---|
| २.२ roadway excavation | ४०३९५ cum | ५१२१५ |
| २.३ loosening leveling and compacting | ४९५०० sqm | ५२०२० |
| २.४ providing and laying granular sub base | ७४२५ cum | ९२०५ |
| २.७providing and laying, fitting and placing HYSD bar reinforcement | ४१४४ kg | २.४४ |
| २.८ random rubble stone masonary | १३३.५ sqm | ५५.९० sqm |
| ४.८ gabion box | १२ – gabion box | २ |
| ५.८ gabion box | ८ – gabion box | ५ |

| सैद्धान्तिक बेरुजु |
|---|

७३ **कार्यक्षेत्र बाहिरको खर्च -** स्थानीय सरकार सन्चालन ऐन २०७४ मा आफ्नो पालिका क्षेत्रभित्रका माध्यमिक तह सम्मको शिक्षा मात्र स्थानीय तहको अधिकार क्षेत्र रहेको उल्लेख गरेको छ। गाउँपालिकाले धिरनाथ सम्फुल विश्वास माध्यमिक बिद्यालय बेलवारी मोरङलाई कार्यालय व्यवस्थापन खर्च भनी रू.१,५०,०००।०० भुक्तानी गरेको देखियो। अत आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्चलाई नियमित मान्न नसकिएको रू.

| अनियमित भएको | १,५०,००० |
|---|---|

७४ **विशेष अनुदान -**

७४.१ **पाइपको मौज्दात -** गाउँपालिकाले संघीय बिशेष अनुदान अन्तर्गत रु ४ करोड प्राप्त गरी सानोदुम्मा ठूलोदुम्मा खानेपानी आयोजनामा खर्च गरेको छ। उक्त आयोजना अन्तर्गत बिभिन्न २२ साइज र पि एनका १०२४१० मिटर पाईप खरीद कार्यको लागि रू.३,२६,८१,२९५।०० को लागत अनुमान तयार गरी इबिड मार्फत मिति २०७९।७।१ मा ठेक्का आह्वानको सूचना प्रकाशन भएकोमा एउटा मात्र सप्लायर्स नेपाल प्लाष्टिक प्रा.लिको बिड परेको र २०८०।१।१५ मा कार्य सम्पन्न गर्नेगरी रू.३,२५,१६,६९१।०० मा उक्त सप्लायर्ससँग २०७९।९।१३ मा सम्झौता गरेको देखिन्छ। यसरी एउटा मात्र बोलपत्र परेको र लागत अनुमानकै हाराहारीमा ठेक्का सम्झौता भएको देखियो । सम्झौता अनुसार उक्त सप्लायर्सले २०७९।९।२५ सम्ममा सबै पाईप सप्लाई गरी रू.३,२५,०१,८६३।०० भुक्तानी लिएको देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

विशेष अनुदान सम्बन्धी कार्यविधिको बुँदा नम्बर ११ मा अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था छ । जसमा बिशेष अनुदानबाट सन्चालन हुने कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरी सन्चालन भए नभएको सम्बन्धमा स्थानीय तहले नियमित अनुगमन गर्नुपर्ने र सो को प्रतिवेदन मन्त्रालय योजना आयोग र नेपाल सरकारको सम्बन्धित बिषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्नेमा नगरपालिकाले अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको देखिएन ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुनेगरी सम्पति तथा जिन्सी मालसामान खरीद गर्नुहुँदैन भन्ने व्यवस्था छ । पालिकाले खरीद गरेका पाईपहरु वडामा जडान गर्नको लागि वितरण गरेको जनाएको छ । पालिकाबाट प्राप्त विवरण अनुसार वडामा पठाईएका सबै पाईपहरु जडान नगरी निम्नानुसार मौज्दात रहेको देखिन्छ । अत मौज्दात रहेका रू. ७५,७१,१८०।०० बराबरको पाईपहरु यथाशिघ्र जडान गरी प्रमाण पेश गर्नुपर्दछ ।

| वडा नम्बर | पाईपको साइज | मौज्दात मिटर | दर | रकम |
|---|---|---|---|---|
| १ | ६३mm | १५० | २१५ | ३२२५० |
| १ | ५०mm | १५० | २५८ | ३८७०० |
| १ | ४०mm | १०० | १९८ | १९८०० |
| १ | ३२mm | १५० | १२८ | १९२०० |
| १ | २०mm | ३०० | ४२ | १२६०० |
| | जम्मा | | | १२२५५० |
| ४ | १२५mm | १५३ | १३०९ | २००२७७ |
| ४ | ११०mm | ५१० | १०११ | ५१५६१० |
| ४ | ९०mm | ५१० | ८२० | ४१८२०० |
| ४ | ७५mm | ३६० | ३१२ | ११२३२० |
| ४ | ६३mm | २५२ | २१५ | ५४१८० |
| ४ | ५०mm | २२०० | २५८ | ५६७६०० |
| ४ | ४०mm | २९०० | १९८ | ५७४२०० |
| ४ | ३२mm | ५७१ | १२८ | ७३०८८ |
| ४ | २०mm | ६७०० | ४२ | २८१४०० |
| | जम्मा | | | २७९६८७५ |
| ५ | ११०mm | २३८ | १०११ | २४०६१८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ९०mm | ३७७ | ८२० | ३०९१४० |
| ५ | ७५mm | १५३३ | ३१२ | ४७८२९६ |
| ५ | ६३mm | १०३ | २१५ | २२१४५ |
| ५ | ५०mm | १०८२ | २५८ | २७९१५६ |
| ५ | ४०mm | ८१ | १९८ | १६०३८ |
| ५ | २५mm | १७०६ | ७७ | १३१३६२ |
| ५ | २०mm | २६८६ | ४२ | ११२८१२ |
| | जम्मा | | | १५८९५६७ |
| ६ | १४०mm | ७९५ | १०५२ | ८३६३४० |
| | १२५mm | २१० | १३०९ | २७४८९० |
| | ११०mm | ३६ | १०११ | ३६३९६ |
| | ९०mm | १००८ | ८२० | ८२६५६० |
| | ७५mm | ६९६ | ३१२ | २१७१५२ |
| | ६३mm | ३० | २१५ | ६४५० |
| | ५०mm | ९०० | २५८ | २३२२०० |
| | ४०mm | ९०० | १९८ | १७८२०० |
| | ३२mm | २०० | १२८ | २५६०० |
| | २०mm | १०२०० | ४२ | ४२८४०० |
| | जम्मा | | | ३०६२१८८ |
| | **कूल जम्मा** | | | **७५७११८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,७१,१८० |

७४.२ **उपभोक्ता समितिबाट काम गराएको -** बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ८ मा अनुदान रकम निकासा तथा खर्च प्रकृया सम्बन्धी व्यवस्था छ । जस अनुसार बिशेष अनुदान बापत प्राप्त भएको रकम

उपभोक्ता समिति मार्फत सन्चालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाईने छैन भन्ने उल्लेख छ । पालिकाले बिशेष अनुदान मार्फत सानोदुम्मा ठूलोदुम्मा खानेपानी आयोजनाको लागि खरीद भएका पाईपहरु जडान गर्नको लागि कार्यपालिकाको मिति २०८०।३।२३ को निर्णयानुसार प्रति मिटर रू. २५ को दरले निम्नानुसार ४ वटा वडामा रू.१७,०८,६२५।०० खानेपानी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ । पाइप जडान गर्ने कार्य जनश्रमदान गरेर गर्नुपर्नेमा सो नगरी श्रमदानवापतको काममा समेत रू.१७,०८,६२५।०० खर्च गरेको देखिएकोले उक्त योजनाको लागि थप व्ययभार परेको रू.

| वडा नम्बर | उपभोक्ता समितिको नाम | भुक्तानी भएको रकम |
|---|---|---|
| १ | श्यामशिला खानेपानी उपभोक्ता समिति | २४२३५० |
| ४ | सानोदुम्मा ठूलोदुम्मा खानेपानी उपभोक्ता समिति | ४५५१०० |
| ५ | सानोदुम्मा ठूलोदुम्मा खानेपानी उपभोक्ता समिति | ४९४८५० |
| ६ | सानोदुम्मा ठूलोदुम्मा खानेपानी उपभोक्ता समिति | ५१६३२५ |
| | **जम्मा** | **१७०८६२५** |

| | |
|---|---|
| अनियमित भएको | १७,०८,६२५ |

७४.३ **सोझै खरीद -** बिशेष अनुदान अन्तर्गत ठेक्का सम्झौताबाट पाईप खरीद गरेपछि उक्त पाईपहरु जडान नहुँदै पुनः बाँकी रकमबाट २१००० मिटर २० एम.एम.पि.एन. १६ को पाईप कार्यपालिकाको मिति २०८०।३।१६ को निर्णयानुसार कोटेशनबाट खरीद गरी नेपाल प्लाष्टिक प्रा लिलाई रू.९,९६,६६०।०० भुक्तानी गरेको छ। खरीद भएका उक्त पाईपहरु समेत जडान भएको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९६,६६० |

७४.४ **सेडल फेरल -** पालिकाले बिशेष अनुदान मार्फत सानोदुम्मा ठूलोदुम्मा खानेपानी आयोजना अन्तर्गत ठेक्का सम्झौताबाट पाईप खरीद गरेर बाँकी रकमबाट उक्त पाईपहरु फिटिङ्गसको लागि फेरल सेडल लगायत अन्य सामाग्रीहरु कार्यपालिकाको मिति २०८०।३।१६ को निर्णयानुसार कोटेशनबाट खरीद गरी ग्लोवल इम्पेक्स इन्टरनेशनललाई रू.८,६५,९५८।०० भुक्तानी गरेको छ । स्थलगत निरीक्षणको क्रममा उक्त सामानहरु ५ नम्बर वडा कार्यालयमा मौज्दात रहेको पाइयो ।सो जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६५,९५८ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष- २०७९/८०**

**कार्यालय र स्थान-** पौवादुङमा गाउँपालिका, भोजपुर , पौवादुङ्मा गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nabin Bhattarai | २०७८-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Hemraj Ban | २०८०-३-१ | |
| लेखा प्रमुख | Bhakti Rai | २०७६-९-२ | २०८०-२-२६ |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३१६,११५ | ११,०२९,४८१ | १०,८६४,८४७ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रू.** | | | | | २२,२१०,४४३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ७७६,१३४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रू.** | | | | | २१,४३४,३०९ |

स्थानीय तह -

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | | ५२२२५४९४.०६ |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७३०१७११३.३९ | चालु खर्च | ३०६१९८५०८.७६ |
| प्रदेश सरकारबाट अनुदान | १९८९३१७६ | पूँजीगत खर्च | १५१२२९६८४.५९ |
| राजश्व बाँडफाँट | ६१५१७१६१.०४ | वित्तीय/अन्य व्यवस्था | १८०६८६२४.१ |
| आन्तरिक आय | ४५७५०८८.३३ | | |
| अन्य आय | ८१४१५३२.१५ | | |
| कुल आय | ४६७१४४०७०.९१ | कुल खर्च | ४७५४९६८१७.४५ |
| बाँकी मौज्दात | | | ४३८७२७४७.५२ |